माण्डवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जस्पुर, प्युठान
५ नं. प्रदेश नेपाल
२०७४

**आज मिति २०७६ साल भदौ ०६ गते यस माण्डवी गाउँपालिका गाउँकार्यपालिकाको बैठक बसी तपशिलका विषयहरु माथि छलफल तथा निर्णय गरियो ।**

***प्रस्तावहरु***

प्रस्ताव नं. १ शिक्षा शाखाको कर्मचारी सम्बन्धमा ।

प्रस्ताव नं. २ मेलमिलापकर्ता सम्बन्धी आधारभुत तालिम सम्बन्धमा ।

प्रस्ताव नं. ३. शिक्षा नियमावली २०७४ संशोधन सम्बन्धमा ।

प्रस्ताव नं. ४ विज्ञापन प्रकाशन सम्बन्धमा ।

प्रस्ताव नं. ५ वडा सचिवको कामकाज सम्बन्धमा ।

***निर्णयहरु***

निर्णय नं. १: प्रस्तावमाथि छलफल गर्दा माण्डवी गाउँपालिकामा शिक्षा शाखामा कुनै कर्मचारी नभएको हुँदा शैक्षिक गतिविधि संचालन गर्न कठिनाई भै राखेको छ । गाउँपालिका सम्पूर्ण शैक्षिक गतिविधि संचालन गर्न शिक्षा क्षेत्रमा लामो अनुभव ज्ञान र सीप आवश्यक हुन्छ , यसै विषयलाई मध्यनजर गर्दै यसै माण्डवी गाउँपालिकामा लामो समय अध्यापन गरी २०७६/०३/२९ गते अनिवार्य अवकाश हुनुभएका शिक्षक श्री पूर्ण बहादुर के.सी ज्यूलाई मासिक सेवा परामर्शमा लिने गरी ३०,०००।- का दरले कर्मचारी करार शिर्षकबाट भुक्तानी दिने गरी नियुक्त गर्ने निर्णय गरियो ।

निर्णय नं. २. प्रस्ताव २ माथि छलफल गर्दा न्यायिक समिति र सामुदायिक मेलमिलापकर्ता सम्बन्धी आधारभुत तालिमका लागी रु. २,५०,०००।- ( अक्षरुपी दुई लाख पचास हजार रुपिया मात्र) सीप विकास तथा जनचेतना कार्यक्रम खर्च शिर्षकबाट भुक्तानी दिने गरी सो प्रस्तावना पास गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ : प्रस्तावमाथि छलफल गर्दा यस माण्डवी गाउँपालिकाको शिक्षा नियमावली २०७४ मा तपशिल बमोजिम संशोधन गर्ने निर्णय गरियो ।

१. *परिच्छेद ४ को नियम २४ मा गाउँ शिक्षा समितीमा माण्डवी गाउँपालिकाको नेपाल शिक्षक* महासंघको प्रमुख तथा प्रतिनिधि थप गर्ने निर्णय गरियो ।

२. परिच्छेद ५ को नियम २६ को उपनियम १ लाई संशोधन गरी विद्यालय व्यवस्थापन समिती तपशिल बमोजिम रहने गरी निर्णय गरियो ।

*(क) विद्यालयका अभिभावकले स्वयम मध्येबाट चुनेको एकजना  अध्यक्ष*

(ख) विद्यालय अभिभावकले स्वयम् मध्येबाट चुनेको एक जना र एक जना महिला र दलित सहित दुई जना - सदस्य

(ग) गाउँपालिका वडा अध्यक्ष वा निजले तोकेको एकजना वडा सदस्य- सदस्य

(घ) विद्यालय हेर्न तोकिएको गाउँपालिकाको अधिकारी एक जना - सदस्य

(ङ) विद्यालय शिक्षकहरु मध्येबाट शिक्षकले छनोट गरी पठाईएको एक जना शिक्षक- सदस्य